का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ साउन २०७९,
बुधबार
27 July 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १७२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



डोटीको जोरायल गाउँपालिका-२ मा रहेको बायमेला र सल्लेखाड सामुदायिक वन उपभोक्ता समितिबीच वनका विषयमा भएको विवादका विषयमा वनमै बसेर छलफल गर्दै उपभोक्ता । तस्वीरः विमलबहादुर बिष्ट, रासस

# सरकारबाटै पीडकको संरक्षण !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० साउन ।

महिला हिंसा अन्त्यका लागि तत्पर रहेको प्रतिबद्धता जनाउने सरकारले बलात्कार र हिंसा आरोपितलाई संरक्षण गरेको छ । बलात्कारको आरोपित सिद्धबाबा भनिने कृष्ण गिरीसँग दीक्षा लिने र यौनहिंसाका आरोपित नायक भुवन केसीलाई चलचित्र विकास बोर्डमा नियुक्त गर्नुले सरकार नै आरोपितको संरक्षणमा लागेको पुष्टि हुन्छ ।

> बलात्कार र हिंसाको आरोप लागेका व्यक्तिलाई जोगाउनेगरी निर्णय हुनु र गतिविधि गरिनुले सरकार नै पीडकको संरक्षणमा रहेको आरोप पुष्टि हुन्छ । हिंसाका आरोपित सिद्धबाबासँग दीक्षा लिन मन्त्री नै पुग्नुले त्यो आरोप झनै बलशाली बनेको छ ।

पशुपतिनाथको मुलगेटमै चलिरहेको अतिरुद्र महायज्ञमा प्रमुख वाचकका रुपमा बलात्कार आरोपित गिरी प्रवचन दिइरहेका छन् र उनको प्रवचन सुन्न सर्वसाधारण मात्रै होइन, नेपाल सरकारका मन्त्रीदेखि उच्चपदस्थ व्यक्ति पुगेका छन् । त्यहाँ पुग्नेमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, प्रकाशमान सिंह, नेपाल सरकारका महान्यायाधिवक्ता खम्मबहादुर खाती, नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) रवीन्द्रबहादुर धानुक लगायत छन् ।

यो उपस्थितिले विचाराधीन मुद्दा प्रभावित हुने सम्भावना छ । 'अदालतले उनलाई हाजिर जमानीमा छाडेको हो, उनी निर्दोष साबित भइसकेका होइनन् । अहिलेसम्म पेशी चाहिं चढेको छैन, चाप अनुसार तोकिएको समयमा उहाँ हाजिर हुनुपर्छ', जिल्ला सरकारी वकिलको कार्यालयका जिल्ला सहायक न्यायाधिवक्ता गणेशप्रसाद सापकोटा बताउँछन् । तर, भीआईपीहरु समेत लावालस्कर लागेर उनलाई भेट्न जाँदा आलोचना चुलिएको छ ।

'धर्म र राजनीतिका नाममा धेरै अपराध लुकाइएका छन्, यी दुई घटना त्यसैको उदाहरण हो' राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य समेत रहेकी अन्सारी भन्छिन्, 'यस्ता घटनाले राजनीतिक र धार्मिक बर्को ओढेपछि जे गरे पनि छुट हुन्छ भन्ने मान्यता स्थापित गराउँछ ।' बलात्कार र यौन हिंसाका आरोपितलाई सरकारका मन्त्रीदेखि उच्चपदस्थ व्यक्तिले नै संरक्षण गर्नु दुखद भएको अन्सारी बताउँछिन् ।

सरकारले एक नायिकाद्वारा यौनहिंसाको आरोप लागेका केसीलाई मात्र चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त गरेको छ । एकातिर हिंसाविरुद्ध शुन्य सहनशिलता भन्ने अनि अर्कोतिर आरोपितलाई नै संरक्षण गर्ने प्रवत्तिका कारण पीडितले न्याय पाउन सकेका छैनन् । आरोपितलाई संरक्षणमा बल पुग्नेगरी सरकारको निर्णय हुने र विचाराधीन मुद्दा प्रभावित गर्नेगरी गतिविधि देखिएकोमा चर्को आलोचना भइरहेको छ ।

मंगलबार निर्मला पन्त बलात्कार पछि हत्या भएको चार वर्ष पुगेकै समयमा हुनुले आलोचना थप चर्को भएको छ । कञ्चनपुरका पन्तको चार वर्ष अगाडि बलात्कार पछि हत्या भएको थियो । तर उक्त घटनाका दोषी अझै पत्ता लाग्न सकेको छैन । संसदीय र गृह मन्त्रालयबाट छानबीन समिति गठन भएपनि पन्तका हत्यारा पत्ता लाग्न सकेको छैन । पन्त जस्ता थुप्रै घटनाका पीडितले न्याय पाउन नसकेको गुनासो भइरहेका बेला सरकारले आरोपितलाई संरक्षण गर्नेगरी निर्णय गरेको छ ।



# फेरि चुनावकै आशंका !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० साउन ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी मंसिर ४ गते संघ र प्रदेशको चुनावको मिति तोकिन सक्ने बताएका छन् । मंगलबार नियमित पत्रकार सम्मेलन गरी प्रमुख आयुक्त थपलियाले प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव मंसिर ४ गते तोकिए आश्चार्य नमान्न आग्रह गरे ।

अब बस्ने मन्त्रिपरिषद् बैठकबाट संघ र प्रदेशको चुनावको मिति तोकिन सक्ने प्रमुख आयुक्त थपलियाले बताएका हुन् । आयोगले सरकारलाई मंसिर २ गते चुनावको मिति तोक्न सुझाव दिएको छ । चुनावको सम्पूर्ण तयारी हुने कार्यतालिका सहित मितिबारे सुझाव दिएको थियो ।

प्रमुख आयुक्त थपलियाले संघ र प्रदेशको चुनावका निम्ति २ करोड मतपत्र प्रकाशन गरिसकेको पनि बताए । आगामी चुनावमा ८ करोड मतपत्र प्रकाशित गर्नुपर्ने भएपनि २ करोड प्रकाशित भइसकेको उनले बताए । तर एक मन्त्रीले भने प्रमुख आयुक्त थपलियाले भने जस्तो मंसिरमा चुनावको मिति घोषणा हुनसक्ने सम्भावना कम रहेको बताए ।

ती मन्त्रीको भनाइमा, मंसिरमा नभएर फागुनमा चुनाव गराउने सरकारको तयारी छ । ती मन्त्रीको भनाइ र प्रमुख आयुक्त थपलियाको अभिव्यक्तिले चुनावको मिति पछि धकेल्ने सरकारको तयारी रहेको अनुमान लगाउन सकिन्छ । किनकि यसअघि स्थानीय चुनाव पनि पछि धकेल्ने सरकारको तयारी थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संघको चुनाव पछाडि मात्रै स्थानीय चुनाव गराउने सार्वजनिक अभिव्यक्ति नै दिएका थिए ।



> लोकतन्त्रमा चुनाव नियमित प्रक्रिया हो । तर आफू अनुकुल बातावरण तयार पार्न सरकार र सत्तारुढ दलले चुनाव पछि धकेल्न खोजेको आशंका विपक्षी दलदेखि निर्वाचन आयोगसम्म देखिएको छ ।

तर चर्को विरोध भएपछि सरकारले गएको ३० वैशाखमा चुनाव गराएको छ । उक्त चुनावमा सत्तारुढ गठबन्धनले तालमेल गरेको थियो । आगामी चुनावमा पनि गठबन्धनको प्रयास गरिरहेका छन् । त्यसको तयारी आवश्यक पर्ने भएकाले पनि फागुनमा चुनावको मिति तोकिने ती मन्त्रीको भनाइ छ ।

विपक्षी दल नेकपा एमालेले भने सरकारको तयारीप्रति आपत्ति जनाएको छ । केही दिन अगाडि मात्रै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मंसिरमै चुनाव हुनुपर्ने बताएका थिए । सरकारले चुनावको मिति सार्ने सरकारको तयारी रहेको आशंका ओलीले गरेका थिए । ओलीको अभिव्यक्तिपछि एमालेका नेताहरुले मंसिरमै चुनाव हुनुपर्ने बताइरहेका छन् ।

'मंसिरमा चुनाव नगराउने सरकारको तयारी देखिन्छ । यो त संविधानको भावना बिपरीत – बाँकी पृष्ठ २ मा

**आयोगको रिपोर्ट**

## कांग्रेस पहिलो दल

काठमाडौं/मस- नेकपा एमालेको दावी बिपरीत निर्वाचन आयोगले गएको स्थानीय चुनावबाट नेपाली कांग्रेस पहिलो दल भएको प्रष्टोक्ति दिएको छ । मंगलबार नियमित पत्रकार सम्मेलन गरी स्थानीय चुनावमा एमाले दोस्रो दल मात्रै भएको प्रमुख आयुक्त दिनेशकुमार थपलियाले बताए ।

आयोगले एमालेले भन्दा कांग्रेसले एक लाख ४४ हजार ५९१ बढी मत ल्याएको जनाएको छ । कांग्रेसलाई पहिलो दल भएको तथ्याङ्कको आधार भने स्थानीय चुनावमा वडाध्यक्षका उम्मेद्वारले पाएको मत हो । स्थानीय चुनावमा कांग्रेसले ३९ लाख ५६ हजार मत ल्याएको, तर एमालेले ३८ लाख ११ हजार ल्याएको आयोगको रिपोर्टमा उल्लेख छ । कांग्रेसले चुनावमा ३४.२८ प्रतिशत मत ल्याएपनि एमालेले ३३.०३ प्रतिशत ल्याएको आयोगले जनाको छ । माओवादी केन्द्र भने तेस्रो स्थानमै छ । माओवादी केन्द्रले १५ लाख तीन हजार ल्याएको छ । स्वतन्त्र उम्मेद्वाले पनि तीन लाख बढी मत ल्याएको आयोगले जनाएको छ । स्थानीय चुनावमा कांग्रेसले ७५३ मध्ये ३२९ सिट ल्याएको छ ।

०७४ को चुनावमा २९४ स्थानीय तह जित्दै पहिलो दल बनेको थियो । तर एमालेले भने ८८ सिट गुमाएर २०६ मत मात्रै ल्याएको छ । स्थानीय तहको संख्यामा ७५३ मध्य माओवादी केन्द्रले १२१ स्थानीय तह जितेको छ ।



# विकल्प अनेक, छलफल तीव्र

संघ र प्रदेशसभाको चुनाव निश्चित नभएपनि गठबन्धन कस्तो बनाउने भन्नेमा दलहरुको दौडधुप बढेको छ । सत्ता गठबन्धनदेखि विपक्षी दल एमालेमा समेत अनेक विकल्पमाथि छलफल चलिरहेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० असार ।

नेपाली कांग्रेस नेतृत्वको गठबन्धनमा रहेको नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले आगामी चुनावको गठबन्धनबारे एकसाथ तीन विकल्प अगाडि बढाएको छ । पहिलो विकल्पमा भने अहिलेकै गठबन्धन जोगाउने रहेको देखिन्छ । गएको वर्ष शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनेगरी भएको पाँच दलीय गठबन्धन बनेको थियो ।

माओवादी केन्द्र र एकीकृत समाजवादी सहितको उक्त गठबन्धनले गएको स्थानीय चुनावमा तालमेल गरेको थियो । आगामी संघ र प्रदेशको चुनावमा पनि त्यही गठबन्धन कायम राख्नेबारे प्रधानमन्त्री देउवा सहित गठबन्धनका शीर्ष नेताहरुको लगातार छलफल चलिरहेको छ ।

दोस्रो विकल्पमा पनि पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले प्रयास जारी राखेका छन् । त्यो भनेको गठबन्धनभित्रै पनि समाजवादी केन्द्र निर्माण गर्ने हो । माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी लगायत कम्युनिष्ट दलहरुको समाजवादी केन्द्र बनाउनेगरी प्रचण्डले नै पहल कदमी अगाडि बढाएका छन् ।

तेस्रो विकल्पका रुपमा भने वाम तालमेल रहेको देखिन्छ । ०७४ को चुनावमा वाम तालमेल भएको थियो । पछि एमाले र माओवादी केन्द्रबीच एकता नै भयो । तर दुई पार्टी मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता कायम रहन सकेन । फेरि आगामी चुनावमा पनि वाम तालमेलको समेत प्रयत्न भइरहेको छ । तर यो विकल्पमा भने दोस्रो तहका नेताहरु बढी सक्रिय छन् । पूर्वप्रधानमन्त्री झलनाथ खनाल र पूर्व उपप्रधानमन्त्री वामदेव गौतमले उनीहरुलाई साथ दिएका छन् ।

कांग्रेसले पनि विकल्पसहित छलफल गरिरहेको छ । पहिलो विकल्पमा अहिलेकै गठबन्धन जोगाउने देखिन्छ । कम्युनिष्टहरुलाई मिल्न नदिदा आफ्नो पार्टीले लाभ पाउने निष्कर्ष सहित गठबन्धन जोगाउन कांग्रेसभित्र एकमत छ । स्थानीय चुनावमा भने संस्थापन इतर नेताहरु गठबन्धनको विपक्षमा थिए ।

आगामी चुनावमा अहिलेको गठबन्धन नरहे त्रिपक्षीय प्रतिश्पर्धाको बातावरण निर्माण गर्ने कांग्रेसको चाहना देखिन्छ । – बाँकी पृष्ठ २ मा

# साउदी रोजगारीको समस्याबारे संघको गम्भीर चासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले रोजगारीका लागि नेपाली कामदारलाई साउदी अरब पठाउने व्यवसायीबीच विशेष छलफल गराउने भएको छ । नेपालस्थित साउदी दूतावासमा भिसा प्रक्रिया सहज बनाउने तथा साउदी अरबमा नेपाली कामदारको रोजगारी तथा तलब सुविधाको सम्बन्धमा देखा परेका समस्याको समाधानका लागि वृहत छलफल गर्ने तयारी भइरहेको कार्यसमिति सदस्य रहेका पूर्वअध्यक्ष प्रेमबहादुर कटुवालले बताए ।

नेपालका लागि साउदी अरेबियाका राजदूत मुसैद बिन सुलैमान अल-मारवानेले यसअघि संघका संयोजक बिमल ढकालसँग छलफल गरी भिसाको साप्ताहिक कोटा बढाउने प्रतिवद्धता जनाएका थिए । उनी कार्यकाल सकेर स्वदेश फर्किसकेका भएपनि समस्याको समाधान आएको छैन । – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नवनियुक्त राजदूत तामाङको सम्मानमा बधाई तथा शुभकामना कार्यक्रम

**काठमाडौं/मस-** दक्षिण अफ्रिकाका लागि नवनियुक्त नेपाली राजदूत दानबहादुर तामाङले वैदेशिक रोजगारका लागि नयाँ गन्तव्यको खोजी गर्दै आफ्नो कार्यक्षेत्रमा पर्ने देशहरूबाट नेपाल आउने डिमाण्ड प्रमाणीकरण छिटो छरितो र पारदर्शी गर्ने प्रतिवद्धता जनाएका छन् । – बाँकी पृष्ठ २ मा



## सहमतिमै प्रतिवेदन



**काठमाडौं/मस–** बजेट निर्माणमा करको दर हेरफेरमा अनाधिकृत व्यक्ति संलग्न भएकोबारे छानबीन गर्न गठित संसदीय समितिले सहमतिमै प्रतिवेदन लेख्ने भएको छ । संसदीय विशेष समितिको मंगलबार भएको छलफलले सहमतिमै प्रतिवेदन तयार पार्ने निर्णय गरेको हो ।

समितिले तत्कालीन अर्थमन्त्री जनार्दन शर्मासँग वयान लिनेदेखि सम्भावित विकल्पहरुमाथि अध्ययन गरेको छ । गएको १४ जेठको दिन अर्थ मन्त्रालयको – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
११ साउन २०७९, बुधबार
27 July 2022, Wednesday

# १ अर्ब ३७ करोड रुपैयाँ अनुदान स्वीकार

**काठमाडौं/मस-** सरकारले युरोपियन युनियनबाट प्राप्त हुने करिब १ अर्ब ३७ करोड रुपैयाँ अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले यसबारे जानकारी दिएका हुन् ।

गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम परियोजना पहिलो चरण कार्यान्वयनको लागि स्वीट्जरल्याण्डबाट प्राप्त हुने स्विस फ्र्यांक ७.४७ मिलियन करिव ९५ करोड बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको उनले जानकारी दिए । उनका अनुसार सरकारले उद्योगको सञ्चालन, व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न, म्याद थप सम्बन्धी समयभित्र निवेदन दिन नसकी म्याद थप हुन नसकेका तर भौतिक संरचना निर्माण लगायतको कार्य गरिरहेका वा सञ्चालनमा आइसकेका उद्योगले म्याद थपको लागि निवेदन दिएमा उद्योग स्थापनाका लागि गर्नुपर्ने निर्णय कार्य लगायत कामको प्रगति र उद्योगको प्रकृति हेरी प्रचलित कानून बमोजिमको विलम्ब शुल्क लिइ उद्योग दर्ता गर्ने निकायले तोके बमोजिम म्याद थप गर्नसक्ने गरी



बाधा अड्काउ फुकाउ गर्ने आदेश जारी गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न स्वीकृत दिने निर्णयसमेत गरेको छ ।

त्यस्तै सरकारले फिनल्याण्डमा साउन २६ देखि भदौ १ गतेसम्म उच्चस्तरीय अध्ययन भ्रमणमा उर्जा, जलश्रोत तथा सिंचाई मन्त्री पम्फा भुसाल तथा सचिव सिंचाई सागरकुमार राईलाई सहभागी हुन स्वीकृत प्रदान गर्ने, विश्व व्यपार संगठन नेपालको आयात व्यवस्थापन सम्बन्धी कानून र अभ्यास समेतका आधारमा आयात व्यवस्थापन तथा न्यूनिकरण गर्न नेपाल सरकारले तत्काल लिनुपर्ने निर्णयबारे सुझाव पेस गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा एक उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गर्ने पनि निर्णय गरेको छ ।

साउन ३० देखि भदौ १० सम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा सञ्चालन हुने इन्टर गभर्मेण्टल कन्फ्रेन्सको पाचौं सत्र आईजीसीभीमा नेपालको तर्फबाट सहभागिताका लागि कानून तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा र सहसचिव कुशलचन्द्र सुवेदीको भ्रमण स्वीकृत गर्ने, नेपाली मुलका पोलिस नागरिक डा. बोधराज सुवेदीलाई पोल्याण्डको वार्सा क्षेत्रभर कार्यक्षेत्र तोकि नेपालको अवैतनिक वाणिज्य दुत नियुक्त गर्ने, तुर्केमिनिस्तानको आसागावतमा साउन ३० र ३१ गते मिनिस्टिरियल ट्रान्सपोर्ट कन्फ्रेन्स फर एलएलडिस सीएसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देललाई सहभागी हुन स्वीकृत दिने निर्णय पनि गरेको बताए ।

उनले चलचित्र विकास बोर्डको अध्यक्ष पदमा भुवन केसीलाई मनोनित गर्ने, गोरखा जिल्ला साविक वारपाक गाविस वडा. न. ५ स्थित १५ जना जग्गाधनीको नाममा रहेको ६-१०-३-० रोपनी जग्गा भूकम्प स्मृति पार्क गोरखाको नाममा प्राप्त गरी उक्त जग्गाको सट्टामा भूकम्प स्मृति पार्क गोरखाको नाममा प्राप्त हुने जग्गामा नबढ्ने गरी सट्टाभर्ना दिनको लागि सहमति प्रदान गर्ने निर्णयसमेत गरेको बताए ।

# नेपाल–चीन सम्बन्ध द्विपक्षीय हितका लागि हुनुपर्ने विज्ञको सुझाव



**काठमाडौं/मस-** नेपाल-चीन सम्बन्ध ऐतिहासिक, सौहाद्रपूर्ण रहेको र उक्त सम्बन्ध द्विपक्षीय हितका लागि हुनुपर्ने विज्ञहरुले सुझाव दिएका छन् ।

फ्रेन्सड्स अफ सिल्क रोड क्लब नेपालको आयोजनामा ‘हिमाल पारीको मित्रता’ विषयक मंगलबार भएको कार्यक्रममा परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले नेपाल र चीनबीचको सम्बन्धलाई द्विपक्षीय रुपमा अगाडि बढाउँदा दुई देशबीचको सम्बन्ध अझ बलियो हुने सुझाव दिए । नेपालले लिएको एक चीन नीतिलाई अपनाउँदै दुई पक्षीय हितका लागि काम गर्नुपर्ने उनको भनाइ थियो ।

पूर्व पूर्वगर्भनर डा. दीपेन्द्रबहादुर क्षेत्रीले नेपालका सबै राजनीतिक दल मिलेर छिमेकी तथा दातृ राष्ट्रका लागि एउटा आर्थिक र परराष्ट्र नीति बनाउनुपर्ने बताए । नेपालको सम्पूर्ण शक्ति राजनीतिक परिर्वतनमा लागेको हुँदा अन्य महत्वपूर्ण विषय छुटेको उल्लेख गर्दै उनले सबै दलको सहमतिमा साझा आर्थिक र परराष्ट्र नीति बनाउनुपर्नेमा जोड दिए ।

श्रीलङ्काका लागि नेपाली राजदूत वासुदेव मिश्रले नेपाल चीनबीचका सम्बन्ध थप बलियो बन्दै गएको र आगामी दिनमा थप प्रगाढ बनाउन चीन सरकारले गरेको सहयोगलाई ध्यानमा राख्नुपर्ने बताए । क्लबका महासचिव डा. कल्याणराज शर्माले चीनबाट हालै भएको भ्रमणको विकासको बारेमा छलफल गर्न, द्विपक्षीय सम्बन्ध सुधार गर्ने तरिकाहरू अन्वेषण गर्न र राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक ज्ञान तथा अनुभव आदानप्रदान गर्न सक्षम बनाउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरेको जानकारी गराए ।

# बलात्कार आरोपी वडाध्यक्ष कारागार चलान

**बैतडी/मस-** बलात्कारको आरोपमा बैतडीको मेलौली नगरपालिका-१ का वडाध्यक्ष शरदसिंह नेगी कारागार चलान भएका छन् । जिल्ला अदालतका न्यायाधीश तिलकबहादुर कार्कीको एकल इजलासले उनलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको हो ।

२८ वर्षीया महिलालाई २०७८ साल चैत १५ गते बलात्कार गरेको आरोपमा वडाध्यक्ष नेगीसँगै सोही ठाउँका केशवसिंह नेगीलाई पनि असार १४ गते प्रहरीले पक्राउ गरिएको थियो ।

दुबैजनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक लोकराज जोशीले जानकारी दिए । उनीहरुविरुद्ध जबर्वस्तीकरणी मुद्दामा अदालतबाट म्याद थपेर प्रहरीले अनुसन्धान गरी अदालतमा पेस गरेको थियो । पीडित महिला परिवारकै संरक्षण रहेकी छन् । नेगी वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा मेलौली नगरपालिका-१ को अध्यक्षमा नेकपा एमालेबाट निर्वाचित भएका थिए ।

# योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक पारित

**काठमाडौं/मस-** प्रतिनिधिसभाको बैठकमा राष्ट्रियसभामा उत्पत्ति भएको योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ पारित भएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा विधेयकमाथि भएको दफाबार छलफलको प्रतिवेदनसहित छलफलका लागि प्रस्ताव गरेपछि उक्त विधेयक सर्वसम्मतिबाट पारित भएको हो ।



छलफलमा उठेका विषयमा स्पष्ट पार्दै मन्त्री पौडेलले नेपाली महिला मुक्ति आन्दोलनकी अग्रणी योगमायाको नाममा अरुण उपत्यकामा स्थापना हुने सो विश्वविद्यालयमा विदेशी विद्यार्थीसमेत ल्याई आयुर्वेदिक विषयमा खोज अनुसन्धान हुने बताए ।

आयुर्वेद, योग चिकित्सा तथा जडीबुटीको अध्ययन, अनुसन्धान गरी दक्ष जनशक्ति उत्पादन गर्न यो विधेयक ल्याइएको हो । यो विधेयक प्रमाणीकरण भएको ३१औं दिनदेखि लागू हुनेछ ।

# फोहर व्यवस्थापन : ‘शून्य फोहर अवधारणा’ कार्यान्वयन गरौं



**काठमाडौं/मस-** फोहरको दिगो व्यवस्थापनका लागि चन्द्रागिरि नगरपालिकाले ‘शून्य फोहर अवधारणा’ सुरुआत गरेको छ । यसलाई साकार पार्न नगरपालिकाले छ किसिमबाट फोहरको वर्गीकरण गर्न थालिसकेको छ ।

नगरपालिकाले फोहर राख्न फरक-फरक झोला नगरवासीलाई वितरण गरिराखेको छ । कालो झोलामा कुहिने, रातोमा सिसा र सिसाजन्य फोहर, हरियोमा प्लाष्टिकजन्य फोहर, सेतोमा कागजजन्य, नीलोमा फलाम तथा फलामजन्य र पहेँलो झोलामा स्यानेटरी प्याड, डाइपरलगायतका फोहर व्यवस्थापन गर्ते तालिका नगरपालिकाले यही साउन ३ गते सार्वजनिक गरिसकेको छ ।

चन्द्रागिरि नगर प्रमुख घनश्याम गिरीले फोहरको दिगो व्यवस्थापनका लागि नगरपालिकाले ‘शून्य फोहर अवधारणा’ सुरुआत गरेको जानकारी दिए । यो अवधारणाले स्थानीय स्तरमा उत्पादन भएका फोहरलाई सकेसम्म स्थानीय स्तरमै व्यवस्थापन गर्न सहजीकरण गर्ने उनले बताए ।

उनले भने, ‘साउन महिनाभरि नगवासीले बानी पार्नेछन् र यस समयमा दण्ड जरिवाना गरिँदैन, अगामी भदौ १ गतेदेखि अनिवार्यरूपमा सार्वजनिक तालिकाअनुसार व्यवस्थापनको काम नभए कारबाहीस्वरुप जरिवाना गर्ने तयारी नगरपालिकाको छ ।’

पछिल्लो समय काठमाडौं उपत्यकाको फोहर व्यवस्थानको काम पेचिलो बन्दै गएपछि नगरपालिकाले उक्त अभ्यासलाई कार्यान्वयनमा उतारेको हो । सकेसम्म उत्पादन भएको स्थानमा फोहरको व्यवस्थापन गर्ने नगरपालिकाको नीति रहेको देखिन्छ ।

उपत्यकाको काठमाडौं महानगरपालिकादेखि अन्य स्थानीय तहसम्मलाई अहिले फोहर व्यवस्थापन गर्न निकै कठिन परिरहेको छ । यस्तो समस्या पटक-पटक आइरहने जनाउँदै सम्बन्धित सबै स्थानीय तहले फोहर व्यवस्थापन उत्पादन भएको स्थानमा नै गर्नुपर्ने पहल थालेका छन् ।

कामपाले उपत्यकाको कुहिने फोहर यही व्यवस्थापन गर्नका लागि स्थान पहिचानको कामलाई तीव्रता दिएको छ । यसका लागि उपत्यकाका विभिन्न स्थान र उपत्यका बाहिर बनेपासम्म पनि कामपाको प्रमुख बालेन्द्र साहकै अग्रसरतामा कुहिने फोहर व्यवस्थापनका लागि जग्गा खोज्ने काम भइरहेको छ । यसका लागि कम्तीमा पनि ५० रोपनी जग्गा आवश्यक पर्छ । स्थान प्राप्त भएसँगै उपत्यकाको कुहिने फोहर यही नै व्वस्थापन हुने र नकुहिने फोहर मात्र बञ्चरेडाँडा लाने योजनामा कामपा छ ।

कामपाले पनि फोहरको थप व्यवस्थापनका लागि यही साउन १ गतेदेखि ३२ वटै वडाबाट कुहिने र नकुहिने फोहर फरक किसिमले नै व्यवस्थापनको कार्य सुरु गरिसको छ ।

अहिले सिसडोलबाट बञ्चरेडाँडासम्म जाने बाटो मर्मतको काम भइरहेकाले केही दिनदेखि उपत्यकाको सडकमा फोहर थुप्रन थालेको छ । सामान्यतया अन्य समयमा भन्दा बर्खाको समयमा फोहर बढी उत्पादन हुने गर्छ । यही समयमा हप्ता दिनसम्म फोहर व्यवस्थापन हुन नसक्नु थप समस्याको विषय हो ।

यसअघि फोहर व्यवस्थापन गर्दै आएको स्थान नुवाकोटको सिसडोलदेखि दीर्घकालीन फोहर व्यवस्थापनस्थल बञ्चरेडाँडासम्म जाने करिब दुई किलोमिटर बाटो मर्मतको काम भइरहेकाले व्यवस्थापन गर्न समस्या भएको हो । उपत्यकाका १८ स्थानीय तहको फोहर व्यवस्थापनको काम रोकिएको कामपा वातावरण विभाग प्रमुख सरिता राईले जानकारी दिनुभयो । बाटो मर्मतकै कारण यसअघि पनि बिहान ४ देखि दिउँसो १२ बजेसम्म मात्रै उपत्यकाबाट फोहरको गाडी अन्तिम व्यवस्थापनस्थलसम्म पुग्ने गरेका थिए । सडक मर्मतको काम सकेसँगै फोहर नियमितरूपमा व्यवस्थापन हुने कामपाले बताएको छ ।

हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिक टन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिक टन फोहर निस्किने गर्दछ । निजी र कामपाको गरी दैनिक कम्तीमा २०० गाडी फोहर लाने गरिएकामा अहिले मुस्किलले ५० गाडीमात्र सिसडोल पुग्ने गरेका छन् ।

हाल निर्माण भइरहेको दीर्घकालीन ल्यान्डफिलसाइट नुवाकोट र धादिङको सिमानामा पर्छ । उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहरमध्ये करिब ७५ प्रतिशत उक्त स्थानमा व्यवस्थापन गरिँदै आएको छ ।

## फेरि...

हो’, एमालेका एक पदाधिकारीले भने । समयमै चुनाव गराउन एमाले नेताहरुले दबाव दिदै आएका छन् । सत्ता गठबन्धन टिकाउन र फेरि सरकार बनाउने शक्ति बनाउनेगरी चुनावको मिति पछि धकेल्ने तयारी गरेको एमाले नेताहरुको आशंका छ ।

## साउदी...

दुई दिनअघि नयाँ राजदूतसँग छलफल गरेका कटुवालले दूतावासले हाल एउटा म्यानपावर कम्पनीबाट पेश भएको फाइलमा साप्ताहिक २५ जना कामदारको मात्र भिसा जारी गर्ने गरेको र त्यसले साउदी अरबबाट आएको डिमाण्ड अनुसार नेपाली कामदार जान नपाएको विषयमा छलफल भएको बताए ।

त्यसैगरी संघले साउदी अरबमा मागपत्र चेम्बरबाट प्रमाणित भई नेपाली दूतावासबाट प्रमाणीकरण भई अनलाइन आएको अवस्थामा दुईदेखि तीन हप्ताभित्र पालो अनुसार भिसा निकाल्न आग्रह गरेको छ ।

संघले साउदी दूतावास नेपालले एक पत्र पठाएको र त्यसमा मागपत्र प्रमाणीकरण गर्दा चेम्बरका साथै साउदीको मोफा अनिवार्य गरेकोले सोही अनुसार प्रक्रिया पु ऱ्याएर मागपत्र प्रमाणीकरण गराउन र काठमाडौंस्थित दूतावासले जुनसुकै बेला ती कागजात माग गर्न सक्ने भएकोले ती कागजपत्र तयारी र दुरुस्त अवस्थामा राख्न आग्रह गरेको छ ।

## नवनियुक्त...

आफ्नो सम्मानमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मंगलबार बत्तीसपुतलीस्थित आफ्नै कार्यालयमा आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा नवनियुक्त राजदूत तामाङले उक्त प्रतिवद्धता जनाएका हुन् ।

दक्षिण अफ्रिकास्थित नेपाली दूतावासले उक्त मुलुक र त्यसक्षेत्रका अन्य १९ वटा देशको कुटनैतिक जिम्मेवारी सम्हाल्ने गरेको छ । त्यसमध्ये मोजाम्बिक, सिसेल्स, केन्यालगायतका देशमा नेपाली सुरक्षागार्डलाई रोजगारीको सम्भावना देखिएको छ । नवनियुक्त राजदूत तामाङले नेपालसँगको दौत्य सम्बन्ध विस्तार र नेपालीहरुलाई आकर्षक तलबसहितको रोजगारीको अवसर सिर्जना गर्ने कार्यमा आफू निरन्तर लाग्ने बताए ।

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले महत्वपूर्ण योगदान दिइरहेको भए पनि यस क्षेत्रमा देखिएका केही विकृति र समस्यालाई समाएर सरकारी पक्षबाट आवश्यकता भन्दा बढी आलोचना गर्ने र समस्याको सामाधानका लागि तत्परता नदेखाउने गरेकोले व्यवसायीहरू बढी चिन्ताजनक अवस्थामा रहनुपर्ने बाध्यात्मक अवस्था रहेको नवनियुक्त राजदूत तामाङले बताए ।

साउदी अरबमा देखिएका समस्याको समाधानका लागि नवनियुक्त राजदूत नवराज सुवेदी लगायतसँग छलफल गरेर समाधानका लागि सुझाव दिएको भन्दै उनले आफ्नो तर्फबाट जहाँ जस्तोसुकै अवस्थामा पनि सकारात्मक पहल गर्ने प्रतिवद्धता जनाए । उनले भने, ‘राजदूत नियुक्त भएपछि वैदेशिक रोजगारीमा भएका समस्या समाधानका बारेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री तथा सचिवसँग मन्त्रालयमा गम्भीर छलफल गरी वैदेशिक रोजगार ऐन, नियमावली तथा कार्यविधिसँग सम्बन्धित समस्याको सरल समाधान दिनुपर्ने विषयमा समेत ध्यानाकर्षण गराएको छु । भविष्यमा पनि लागिरहने छु ।’

राजदूत नियुक्त हुनुअघि व्यवसायी तामाङले संघको तीन तीन पटक अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । भलिबल संघका पूर्वअध्यक्ष समेत भइसकेका राजदूत तामाङ बैंकिङ तथा सामाजिक कार्यमा सक्रिय रहेका थिए । तर राजदूत नियुक्तिका पछाडि वैदेशिक रोजगार क्षेत्रमा हासिल गरेको लामो अनुभव र पृष्ठभूमिले सहयोग गरेको तामाङले बताए । उनले भने, ‘यो क्षेत्रमा रहेका समस्याको समाधानका लागि म क्रियाशील रहिरहने छु ।’

संघका संयोजक विमल ढकालले संघका पूर्व अध्यक्ष तामाङ राजदूत नियुक्त भएको परिवेशले आम व्यसायीहरु उत्साहित र गौरवान्वित भएको भन्दै बधाई तथा सफल कार्यकालको शुभकामना दिए । संघको तीन पटक अध्यक्ष भएका व्यवसायीले मुलुकको नेतृत्व गरेर राज्यको कुटनीतिक क्षेत्रमा पहिलोपटक प्रतिनिधित्व गरेको भन्दै राजदूत तामाङको कार्यकालमा दक्षिण अफ्रिका र त्यस क्षेत्रमा रहेका अन्य देशमा हुनसक्ने वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको समाधान हुनेमा आशावादी भएको बताए ।

कार्यक्रम सञ्चालन गरेका संघ कार्यसमिति सदस्य एवं पूर्वअध्यक्ष प्रेम कटुवालले नेपालमा वैदेशिक रोजगार व्यवसायीको योगदानको इतिहास लामो भइसकेको अवस्थामा पहिलो पटक पूर्वअध्यक्ष तामाङलाई राष्ट्रले नै सम्मान गरेर राजदूत नियुक्त गर्नुले व्यवसायीको योगदानको कदर हुन थालेको संकेतका रूपमा आफूले लिएको भन्दै राजदूत तामाङलाई बधाई दिए ।

कतिपय कारणले वैदेशिक रोजगार क्षेत्रप्रति राज्यका निकायमा विभिन्न पदासिन व्यक्तिहरूको असन्तुष्टि भएपनि वैदेशिक रोजगार क्षेत्र बद्नाम मात्र छैन, संकटको समयमा देश र जनतालाई योगदान दिएर सम्मानित इतिहास बनाएको छ भन्ने विषयमा पूर्व अध्यक्ष तामाङको नियुक्तिले प्रष्ट पारेको भन्दै पूर्वअध्यक्ष कटुवालले आगामी दिनहरूमा अन्य व्यवसायीहरू पनि राज्यका उच्चस्तरीय पदहरूमा नियुक्ति पाएर नयाँ-नयाँ इतिहास रच्ने विश्वास आफुले लिएको बताए ।

निर्मल गुरुङ, दिलप्रसाद पोखरेल, रोहन गुरुङलगायत संघका पूर्वअध्यक्षहरुले नवनियुक्त राजदूत तामाङलाई बधाई तथा सफल कार्यकालको सफलताको शुभकामना दिँदै राजदूतजस्तो सम्मानित र गरिमामय पदमा पूर्वअध्यक्ष तामाङलाई नियुक्त गर्नुले आम व्यवसायीप्रतिको सम्मान भएको बताए ।

कार्यक्रममा विभिन्न घटक संस्थाका अध्यक्ष तथा महासचिव, संघ तदर्थ समिति सदस्यहरू, संघका कानून सल्लाहकार, वरिष्ठ अधिवक्ता शम्भु निरौला, अधिवक्ता देवराज कटुवाल लगायतको उपस्थित रहेको थियो ।

## सहमतिमै...

सीसीटीभी फुटेज रिकभर गर्ने फरेन्सिक विज्ञहरुसँग पनि समितिले छलफल गरेको छ ।

बजेट निर्माणमा करको दर हेरफेर भएको सूचना सार्वजनिक भएपछि बनेको संसदीय विशेष समितिले समय थप गरेर अध्ययन गरिरहेको छ । शर्माले भने अर्थमन्त्रीबाट राजीनामा दिइसकेका छन् ।

## चुनावी...

प्रचण्ड र माधव नेपालले अलग चुनाव लड्नु भन्ने कांग्रेस नेताहरुको मनसाय देखिन्छ । तेस्रो विकल्प भने एक्लै लड्ने हो ।

विपक्षी दल नेकपा एमालेले पनि तीन वटै विकल्पमाथि छलफल गरिरहेको छ । स्थानीय चुनावमा जस्तै अहिलेको सत्ता गठबन्धनविरुद्ध चुनाव लड्नु एमालेको प्रष्ट देखिएको विकल्प छ । तर त्यसबाहेक पनि एमालेभित्र प्रयत्न भइरहेको छ । प्राथमिकतामा वाम तालमेल गर्ने, नभए सहयोग पुग्ने साना दलहरुसँग सहकार्य गर्ने पक्षमा एमाले देखिन्छ ।

# २२४ जना जिल्ला न्यायाधीशको सरुवा

**काठमाडौं/मस-** न्याय परिषद्ले २२४ जना जिल्ला न्यायाधीशको सरुवा गरेको छ । परिषद्को मंगलवार बसेको बैठकले उनीहरुको सरुवा गरेको हो । परिषदको बैठकले जिल्ला अदालतका २१ जना न्यायाधीशका लागि ६३ जनाको सूची पनि सार्वजनिक गरेको छ । अब सर्वसाधारणले उनीहरूका विषयमा कुनै गुनासो वा उजुरी दिन पाउनेछन् ।

न्यायाधीश नियुक्तिसम्बन्धी मापदण्डमा न्यायाधीशका लागि सूचि सार्वजनिक गर्नुपर्ने र उजुरी वा गुनासो भए लिनुपर्ने व्यवस्था छ । त्यसैगरी उच्च अदालतमा




रिक्त २७ जना न्यायाधीश नियुक्तिका लागि सूचना प्रकाशित गर्ने निर्णय गरेको छ ।

# स्थानीय निर्वाचमा तोकिएभन्दा ३ अर्ब कम खर्च




**काठमाडौं/मस-** निर्वाचन आयोगले 'स्मार्ट र मितव्ययी' निर्वाचन गराउन सङ्कल्प गरेअनुसार गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचन, २०७९ मा लक्षित गरिएको रकममा रु तीन अर्ब ६९ करोड ६० लाख रकम नेपाल सरकारमा फिर्ता भएको जनाएको छ ।

निर्वाचनका लागि नेपाल सरकारबाट रु आठ अर्ब ११ करोड निकासा भएकामा आयोगको सचिवालयबाट रु एक अर्ब २६ करोड ३१ लाख, मुख्य/निर्वाचन अधिकृतको कार्यालय (सात सय ५३) बाट रु ३५ अर्ब ४१ करोड २७ लाख, निर्वाचन कार्यालय (७७) बाट रु ४१ करोड ३३ लाख, गृहमन्त्रालयमार्फत मतपेटिका ढुवानी रु चार करोड ५० लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत रु १४ लाख ५० हजार खर्च भएको आयोगले मंगलबार पत्रकार सम्मलन गरेर जानकारी दिएको छ ।

स्थानीय तहको निर्वाचनको खर्च पछिल्ला निर्वाचनको तुलनामा सबैभन्दा मितव्ययी देखिएको छ । आयोगका अनुसार स्थानीय निर्वाचनमा आन्तरिक स्रोतबाट रु पाँच अर्ब ४० करोड ३९ लाख दुई हजार ७६ र बाह्य स्रोतबाट सामान्य प्राविधिक र व्यवस्थापकीय सहयोग मात्र लिइएको थियो । सो निर्वाचनमा प्रति मतदानकेन्द्र रु दुई लाख २९ हजार ७८ खर्च भएको थियो । निर्वाचनमा गत निर्वाचनको तुलनामा कम एक जना मतदाता बराबर रु दुई सय ८४ खर्च भएको छ ।

आयोगले नेपाल सरकारमा रु तीन अर्ब ६९ करोड ६० लाख सात हजार एक सय २४ फिर्ता गरेको छ । स्थानीय तह सदस्य निर्वाचन, विसं २०७९ मा भएको कूल खर्चमध्ये २० दशमलव ३६ प्रतिशत आयोगको सचिवालयबाट भएको छ भने बाँकी रकम विकेन्द्रीकृत ढङ्गले विभिन्न मन्त्रालय र अन्य कार्यालयबाट खर्च भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

संविधानसभा निर्वाचन, विसं २०७० मा आन्तरिक र बाह्य स्रोत गरी रु पाँच अर्ब ९८ करोड ८९ लाख ९५ हजार खर्च भएकोमा प्रतिमतदान केन्द्र खर्च रु तीन लाख १८ हजार नौ सय ८८ भएको थियो । यो निर्वाचनमा प्रतिमतदाता खर्च रु चार सय ९३ पर्न गएको थियो ।

त्यसैगरी स्थानीय तह निर्वाचन, विसं २०७४ मा आन्तरिक र बाह्य स्रोत गरी जम्मा रु सात अर्ब १५ करोड ७७ लाख १९ हजार खर्च हुँदा प्रतिमतदान केन्द्र खर्च रु तीन लाख ८५ हजार तीन सय ८३ र प्रतिमतदाता खर्च रु पाँच सय नौ भएको थियो ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, विसं २०७४ मा आन्तरिक स्रोतबाट रु सात अर्ब ८० करोड १४ लाख ४९ हजार खर्च भएको थियो भने बाह्य स्रोतबाट प्राविधिक र व्यवस्थापकीय सहयोग मात्र लिइएको थियो । उक्त निर्वाचनमा प्रतिमतदान केन्द्र खर्च रु तीन लाख ९३ हजार आठ सय ३४ भएकोमा प्रतिमतदाता खर्च रु पाँच सय छ रहेको थियो ।

निर्वाचनको समग्र विवरण

आयोगले निर्वाचनबाट विजयी दल र उम्मेदवार तथा प्राप्त मत संख्याको विस्तृत विवरण पनि सार्वजनिक गरेको छ । आयोगको परामर्शअनुसार विसं २०७८ माघ २४ गते नेपाल सरकारले विसं २०७९ वैशाख ३० गते एकै चरणमा सम्पन्न हुने गरी निर्वाचनको मिति तोकेकोमा २०७९ साउन ८ गते बाजुरा जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न भएसँगै स्थानीय तह सदस्य निर्वाचन, विसं २०७९ पहिलोपटक एकै चरणमा सम्पन्न भएको छ । कूल मतदाता एक करोड ७७ लाख ३३ हजार सात सय २३ (पुरुष मतदाता ८९ लाख ९२ हजार १० (५० दशमलव ७१ प्रतिशत), महिला मतदाता ८७ लाख ४१ हजार पाँच सय ३० (४९ दशमलव २९ प्रतिशत) र अन्य मतदाता एक सय ८३ (० दशमलव ००१ प्रतिशत) रहेको जनाइएको छ । निर्वाचनमा मतदानस्थल १० हजार सात सय ५६, मतदान केन्द्र २१ हजार नौ सय ५५, कूल उम्मेदवार एक लाख ४५ हजार १३ रहेका थिए । त्यसमा पुरुष उम्मेदवार ८९ हजार तीन सय १४ (६१ दशमलव ५९ प्रतिशत), महिला उम्मेदवार ५५ हजार छ सय९९ (३८ दशमलव ४१) थिए ।

निर्वाचित हुने कूल पद ३५ हजार दुई सय २१ ( पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार), कूल निर्वाचित ३५ हजार ९७ (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार), रिक्त रहेको पद संख्या एक सय २४ (१२३ पदमा दलित महिला सदस्य र एक पदमा महिला सदस्य) को उम्मेदवारी मनोनयन नभएको आयोगले जनाएको छ । निर्विरोध निर्वाचित तीन सय ९० मध्ये निर्वाचित (पुरुष) २० हजार छ सय ३१ (५९ प्रतिशत) र निर्वाचित (महिला) १४ हजार चार सय ६६ (४१ प्रतिशत) छन् । (स्थानीय तह निर्वाचन, विसं २०७४ मा ४० दशमलव ७५ प्रतिशत रहेको थियो ।

यस निर्वाचनमा मतदान प्रतिशत ७० दशमलव ९६, पुनः मतदान भएका केन्द्र ८७, सम्पूर्णरुपमा बदर मत दुई दशमलव चार प्रतिशत, अनुगमन टोली १९, पर्यवेक्षण संस्था ३७, कूल पर्यवेक्षक संख्या पाँच हजार तीन सय तीन, निर्वाचन प्रयोजनका लागि दर्ता भएका दल ७९, निर्वाचनमा भाग लिएका दल ६५, स्थानीय तहमा प्रतिनिधित्व गर्ने दल २४, मतपत्रको किसिम १३०, सानो मतपत्र छ लहर, ठूलो मतपत्र ६४ लहर, निर्वाचन सामग्री ५७ प्रकार (केन्द्रबाट व्यवस्थापन ४२, जिल्ला तहबाट १५) रहेका थिए ।

आयोगले नेपालको संविधान तथा प्रचलित कानूनको अधिनमा रही निर्वाचन सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन केही नवीन अभ्यास गरेको थियो । तीमध्ये सथानीय तह सदस्यमा उम्मेदवार हुन तत्काल पदमा बहाल भएका पदाधिकारीले राजीनामा दिनुपर्ने, उम्मेदवारको योग्यता, राजीनामा, पेश्की, बेरुजु आदि विषयमा स्वघोषणा गर्नपर्ने, मतगणना स्थलमा सीसीटीभी क्यामरा जडान तथा आयोगबाट अनुगमन, राष्ट्रिय मान्यता प्राप्त बाहेकका अन्य दलहरूलाई समेत सम्बन्धित दलकै चुनाव चिन्ह प्रदान, उम्मेदवारी मनोनयनका लागि दुई दिनको समयको उपलब्धता, निर्वाचनलाई प्रभाव पार्ने गरी सामाजिक सञ्जालमार्फत हुनसक्ने मिथ्या सूचना र दुष्प्रचारलाई निर्वाचन आचारसंहितामा समावेश गरी तिनको अनुगमन आदि छन् ।

यस्तै निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पूरा हुने मतदातालाई मताधिकार, विज्ञापनमार्फत हुनसक्ने आचारसंहिता उल्लङ्घन रोक्न विज्ञापन बोर्डबाट अनुगमन, मतदान कार्यमा स्थानीय तहमा कार्यरत जनशक्तिलाई नै खटाउन प्राथमिकता, निर्वाचनमा महिला प्रतिनिधित्व सुनिश्चित गराउन राजनीतिक दललाई निर्देशन, मतदानस्थल पहुँचयोग्य बनाउन मापदण्ड निर्धारण गरी विशेष प्रयत्न भएको थियो ।

# 'युवालाई सूचना प्रविधिमा आकर्षित गर्नुपर्छ'



**काभ्रे/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले युवालाई सूचना प्रविधिका क्षेत्रमा आकर्षित गराउन आग्रह गरेका छन् । उनले बेथानचोक गाउँपालिका-२ गेल्दुङ्स्थित पार्वती बहुमुखी क्याम्पसको प्रथम भेलालाई मंगलबार सम्बोधन गर्दै बदलिँदो परिस्थितिमा सूचना प्रविधिको भविष्य रहेकाले युवालाई यसप्रति आकर्षित गराउनुपर्ने आवश्यकता औंल्याएका हुन् ।

'सूचना र प्रविधिको क्षेत्रमा मुलुकको भविष्य छ, यस क्षेत्रमा युवालाई आकर्षित गराउन सके बरोजगारीसमेत अन्त्य हुने देखिएको छ', सरकारका प्रवक्तासमेत रहेका कार्कीले भने । उनले परिवारको गरिबीपन हटाउन सपना देख्ने युवामा परिस्थितिले साथ नदिँदा भने 'डर्टी, डिफिकल्ट र डेन्जर'मा जानसक्ने अवस्थालाई निराकरण गर्नपर्ने देखिएको बताए ।

मन्त्री कार्कीले गुणस्तरीय शिक्षा प्राप्त गरेका युवाले प्रविधिसँग खेलेर मासिक डेढ लाख रुपैयाँसम्म आर्जन गरिरहेको उल्लेख गर्दै त्यसैले आफूले युवालाई सूचना प्रविधिका क्षेत्रमा आकर्षित गराउन आग्रह गरेको दोहोऱ्याए । उनले भने, 'आजकाल हरेका जिल्ला तथा सहरमा एउटा ल्यापटप बोकेर युवाले रु डेढ दुई लाखसम्म कमाउँछन्, अब युवालाई हरेक क्षेत्रले प्रविधिमैत्री बनाएर त्यतातिर ध्यानाकर्षण गराउनुपर्छ ।'

उनले उच्च शिक्षालयबाट प्राप्त हुने प्रमाणपत्र केवल कालान्तरको 'खोष्टो' मात्रै हुने नबनाइ व्यक्ति, परिवार र समाजका निम्ति उपयोगी हुनसक्ने शिक्षा प्रदान गर्नपर्ने बताए । उनले नेपालको सबैभन्दा ठूलो समस्या शिक्षित बेरोजगारी भएकाले उक्त जनशक्तिलाई रोजगारीमा परिणत नगरेसम्म विकास हुन नसक्ने जिकिर गरे । 'प्रमुख चुनौती बनेको बेरोजगारी अन्त्य गर्न ग्लोबल भिलेजमा परिणत संसारमा शिक्षालाई अघि बढ्नुपर्छ भन्ने मेरो दृष्टिकोण हो', उनले भने ।


मन्त्री कार्कीले विकासको आधार शिक्षा नै भएकाले सभ्यता सिकाउने शिक्षाले समाजभित्रको अन्धकारलाई दूर गराउने बताए । उनले जलस्रोत, पर्यटन र कृषिका समस्याको निराकरण गरी अवसरमा रुपान्तरण गर्नसके अबको दश वर्षमा नेपाल दक्षिण एशियामा धनी देश बन्नसक्ने धारणा व्यक्त गरे । कार्यक्रममा गाउँपालिका अध्यक्ष भगवान अधिकारीले शैक्षिक गुणस्तर कायम गर्ने तथा गाउँपालिकालाई धार्मिक पर्यटनसँगै कृषि तथा पशुपालनका माध्यमबाट समृद्ध बनाउने योजना अघि सारिएको बताए ।

**मोटर साईकल हराएको सूचना**

मिति २०७८/११/१७ गते राति ११:३० बजेको समयमा काठमाण्डौ जिल्ला कागेश्वरी मनोहरामा-०६ मा पार्किङ गरी राखेको बागमती प्रदेश ०२-०१८ प ०२८९ नम्बरको Tvs Apache-160 cc निलो रङको मोटर साईकल हराएको हुदाँ पाउनुहुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालयमा वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

**सवारी धनी: होम बहादुर बि.क.**
**च्यासिस नं.:MD637AE70L2K00477**
**ईन्जिन नं. : CE7KL2900688**
**रङ : निलो**
**मोबाईल नं.: 9844435380/97497087491**

# स्थानीय तहको चुनावमा ४१ प्रतिशत युवा निर्वाचित



काठमाडौं/मस- गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छन् । निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार २१ देखि ४० वर्ष उमेर समूहका युवा १४ हजार ४४२ अर्थात् ४१ दशमलव १४ प्रतिशत युवा निर्वाचित भएका छन् । प्रमुखमा ३७, उपप्रमुखमा ९५, अध्यक्षमा १०६, उपाध्यक्षमा दुई सय ३४ युवा निर्वाचित बनेका थिए ।

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मान्ने गरिन्छ । वडाध्यक्षमा दुई हजार तीन सय १२, महिला सदस्यमा तीन हजार दुई सय ३३, दलित महिला सदस्यमा तीन हजार छ सय ६ र सदस्यमा चार हजार ८१९ निर्वाचित हुनुभएको छ । ४१ देखि ६० वर्षका ५२ दशमलव २७ प्रतिशत, ६१ देखि ८० वर्षका ६ दशमलव ५२ प्रतिशत र ८० भन्दा माथिका शून्य दशमलव ०४८ प्रतिशत निर्वाचित भएका छन् ।

आयोगका अनुसार ४१ देखि ६० वर्ष उमेर समूहका १८ हजार तीन सय ४७ र ६१ देखि ८० वर्ष उमेर समूहका ज्येष्ठ नागरिक दुई हजार दुई सय ९१ निर्वाचित भएका आयोगले जनाएको छ । यसैगरी ८० वर्षभन्दा माथिका १७ निर्वाचित भएका थिए । वडाध्यक्ष तीन, चार दलित महिला सदस्य र १० वडा सदस्यमा निर्वाचित हुनुभएको छ । निर्वाचनमा कूल ३५ हजार ९७ जनप्रतिनिधि निर्वाचित बनेका थिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मिति: २०७९/०४/११**

यस कार्यालयमा मिति २०७२/१२/१४ मा दर्ता भएको **प्रा.लि.नं. १४७०६२** को **एक्मी पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मिति: २०७९/०४/११**

यस कार्यालयमा मिति २०६१/०८/१४ मा दर्ता भएको **प्रा.लि.नं. ३१७३७** को **एपेक्स इन्टरनेशनल ट्रेड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मिति: २०७९/०४/११**

यस कार्यालयमा मिति २०६६/०९/२९ मा दर्ता भएको **प्रा.लि.नं. ६९६५४** को **के. के. ड्रिम्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मिति: २०७९/०४/११**

यस कार्यालयमा मिति २०७८/०८/०६ मा दर्ता भएको **प्रा.लि.नं. २७७५७४** को **मेहतादाता टेकनोलोजी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मलेसियामा रोजगार** | कम्पनी: **PARAGON CAR CARPETS & COMPONENTS SB** शहर: **SELENGOR**

पूर्व स्वीकृत मिति: २०७९/०४/०९ चलानी नं.: ६०१८३८३६ LT. No.:267969

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १८ गते (3 August 2022 ) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सदिक्षा ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५
फोन: ४३८०१८१, ४३८८२००, ४३८६५२५
Mob:- 9851332383/ 9851332382/ 9851332384/ 9851332385
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np

**साइप्रसमा रोजगारको अवसर**

कम्पनी : ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306 शहर: CYPRUS, NICOSIA
पूर्व स्वीकृत मिति: २०७८/१२/०८ चलानी नं.: ६०१७६३८४ LT. No.: 260100 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 16 | स. काममा दक्ष | 309 | ३९,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १८ गते (3 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**कतारमा रोजगार** | कम्पनी: **AL JABER STEEL CO** शहर: **DOHA**

पूर्व स्वीकृत मिति: २०७७/१२/१८ चलानी नं.: ६०१५४३५२ LT. No.: 235913 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,१३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ५८,९३९ | | | | | | | |
| 3. | Welding Technician | 25 | 0 | | 1100 | ३८,१३७ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 5 | 0 | | 2200 | ७६,२७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १८ गते (03 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Diamond Star Overseas Pvt. Ltd.**
Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086
यस म्यानपावर कम्पनीको लागि PRO आवश्यक भएकाले इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**कतारमा रोजगारको अवसर** | कम्पनी: **MULTIPACK INDUSTRIES** शहर: **DOHA**

पूर्व स्वीकृत मिति: २०७८/०१/२२ चलानी नं.: ६०१५८६२९ LT. No.: 258201 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५८,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३४,६७० | | | | | | | |
| 3. | machine operator | 2 | 0 | | 1900 | ६५,८७३ | | | | | | | |
| 4. | Packing Worker | 1 | 0 | | 1000 | ३४,६७० | | | | | | | |
| 5. | Waiter | 1 | 0 | | 1400 | ४८,५३८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १८ गते (3 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**प्रुडेन्सियल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८००/०६५/०६६
तिनकुने, काठमाडौं, नेपाल, Tel:- 01-5104525
Mob.: 9802002012,9802002016

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!**
**शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

रोजगारदाता कम्पनी : इभर साइन मेन्टेनेन्स वर्क एसडिएन. बिहचडि.
(EMPLOYER COMPANY) : EVER SHINE MAINTENANCE WORKS SDN BHD

| पूर्व स्वीकृत मिति: | २०७९/०३/०१ | चलानी नं.: | ६०१८१०६४ | एल टि नं.: | २६४९९१ | पून विज्ञापन |
|---|---|---|---|---|---|---|
| Pre Approval Date: | 2022/07/22 | Invoice No.: | 60181064 | L.T. No.: | 264991 | Re-Advertisement |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब रिङ्गिट | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | दुई वर्ष |

फाईनल अन्तर्वार्ता ऐक्शेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति साउन १८ गते २०७९ मा हुनेछ ।
Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 3rd August 2022.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

| स्वदेशमा बनाउने पासपोटको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/- रोजगारदाताले ब्यहार्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**access partners pvt. ltd.**
Govt. Lic. No. 1520/074/075
Baneshwor, Kathmandu | Contact : (+977) 01-4105010, 9801176556/98079555
Email: info@accesspartners.com.np | www.accesspartners.com.np

मध्यान्ह
www.madhyanhadaily.com
११ साउन २०७९, बुधबार
27 July 2022, Wednesday

सम्पादकीय

## लोकतन्त्र कमजोर बनाउने खेल

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी मंसिर ४ गते संघ र प्रदेशको निर्वाचन तोकिए आश्चार्य मान्न नहुने बताएका छन् । मंगलबार नियमित पत्रकार सम्मेलनमा प्रमुख आयुक्त थपलियाले सरकारले संघ र प्रदेशको चुनावको मितिबारे निर्णय हुन सक्ने बताएका छन् । यसअघि आयोगले मंसिर २ गते चुनावको मिति तोक्न सिफारिस गरेको थियो । प्रमुख आयुक्त थपलियाले सिफारिस गरेको चुनावको मिति तोकिन सक्ने बताए । आयोगले संघ र प्रदेशको चुनाव एउटै मितिमा गर्नपर्ने समेत सिफारिस गरेको छ । ०७४ को चुनाव भने दुई चरणमा भएको थियो । ०७४ मंसिर १० र २१ गते चुनाव भएको थियो । त्यसरी चुनाव गर्न जरूरी नरहेको आयोगको सिफारिस छ ।

तर मंगलबार एक मन्त्रीले मंसिरमा चुनाव हुने सम्भावना नरहेको बताए । ती मन्त्रीलाई उदृत गर्दै सञ्चार माध्यमहरूले समाचार प्रकाशित गरेको छ । १२० दिन अगाडि मिति तोकिनुपर्ने भएकाले अब मंसिरमा चुनाव हुने सम्भावना नरहेको ती मन्त्रीको भनाइ छ । एकै दिन प्रमुख आयुक्त र मन्त्रीको परस्पर बिपरीत छ । यसलाई आयोगले चुनाव गराउन चाहेको, तर सरकारले भने फागुनसम्म सार्न चाहेको रूपमा पनि बुझ्न सकिन्छ । किनकि ती मन्त्रीले फागुन पहिलो साता चुनाव हुने बताएका छन् । यसअघि स्थानीय चुनाव पनि सार्वजनिक क्षेत्रको दबावका कारण वैशाख ३० गते भएको थियो । सरकार र सत्तारूढ दलहरूले भने संघीय चुनाव पछाडि मात्रै स्थानीय चुनाव गराउने तयारी गरेको थियो ।

सरकारले सत्तारूढ दलको स्वार्थमा चुनाव गराउने प्रवृत्ति नौलो होइन । आफ्नो दललाई जिताउने अवस्था सिर्जना गरेर मात्रै चुनावको मिति तोक्ने गरेको छ । त्यही प्रवृत्तिलाई कायम राख्नेगरी सरकारले मंसिरमा चुनाव नगराउने संकेत दिएको छ । गठबन्धनका दलहरूबीच सहमति जुट्न बाँकी रहेकाले समय लिन पनि मंसिरमा चुनाव नगराउने तयारी भएको अनुमान गर्न सकिन्छ । जबकी मंसिरमा चुनाव भएको पाँच वर्ष पुग्छ । संविधानले नै संघ र प्रदेशसभाको कार्यकाल पाँच वर्ष हुने उल्लेख छ । तर त्यसबिपरीत तयारी हुनु लोकतान्त्रिक अभ्यास होइन । किनकि लोकतन्त्र चुनाव नियमित प्रक्रिया हो । नियमित प्रक्रिया अवरूद्ध हुनु भनेको संविधान कमजोर बनाउने कार्य हो । तसर्थ सरकारले चुनावलाई सौदाबाजीको विषय बनाउन हुन्न । नियमित चुनावलाई नियमित समयमै गराउन आवश्यक छ ।

# भूराजनीतिक द्वन्द्वको जोखिम

*हामीले भूराजनीतिलाई सही ढंगले बुझ्न सकेनौ भने नेपाल युक्रेन, अफगानिस्तान, सिरिया हुन बेर लाग्दैन । आज युक्रेनको हालत जे छ त्यस्तो हालत नेपालको हुन सक्दैन भन्न सकिन्न । हालै विश्व राजनीतिमा देखिएका घटना हाम्रा निम्ति निकै सिक्न योग्य छन् ।*


अग्रलेख



● बिनबहादुर कुँवर

असार अन्तिम साता चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियानचाओ चार दिने नेपाल भ्रमणमा आए । विदेश विभाग प्रमुख जियानचाओको भ्रमण लगत्तै फेरि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' तीन दिने भारत भ्रमणमा गए । त्यति नै बेला प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी आरुजु राणा पनि भारत भ्रमणमा नै थिइन् । यी सबै भ्रमण कुनै आकस्मिक थिए वा कुनै परिपञ्च अर्थात् नियोजित ? आज यो देशमा व्यापक छलफलको विषय बनेको छ ।

स्पष्ट नै छ, नेपाल दुई शक्तिशाली राष्ट्र चीन र भारतको बीचमा छ । देश सानो भए पनि यसको अत्याधिक ठूलो विश्व महत्व पहिले पनि थियो र अहिले पनि छ, साथै भविष्यमा पनि हुनेछ । भूगोल सानो भए पनि सुन्दर हावापानी, खाद्य, खनिज पदार्थले नेपाल सम्पन्न छ । यसबाट लोभिने र यसमा आँखा लगाउने काम धेरै पहिलेदेखि नै बाह्य शक्तिबाट हुँदै आएको छ । नेपाल र बेलायतबीच भएको युद्ध यसैको परिणाम थियो । जसबाट नेपालको एउटा ठूलो भू-भाग पश्चिमको देहरादुन, नैनिताल र काँगडा आदि अनि पूर्वको दार्जिलिङ्ग नेपालले गुमाउनु पऱ्यो । तत्कालीन नेपालको भौगोलिक सीमा पूर्वमा टिस्टा र पश्चिममा काँगडा अनि दक्षिणमा गंगा नदी थियो । त्यसलाई अहिले पनि 'ग्रेट नेपाल' भनेर पनि चिनिन्छ । वास्तवमा नेपालले त्यो बेला त्यो युद्धमा हारेर त्यो भूभाग गुमाएकै होइन । ठाउँ-ठाउँमा अंग्रेज फौजलाई नेपाली सेनाले हराएर भगाएकै थिए । बुटवलको जितगढी किल्ला र सिन्धुली किल्ला अहिले पनि त्यसैले प्रशिद्ध छन् । तर अंग्रेजी शासकहरुको षड्यन्त्र र जालझेल, लोभ लालच अनि विभिन्न खाले प्रलोभनका कारण नेपालले त्यो ठूलो भू-भाग गुमाउनु पऱ्यो ।



दोस्रो विश्व युद्धपछि ब्रिटिश साम्राराज्यवाद भारतबाट हटे पनि उसले खोसेको भूभाग फिर्ता भएन । त्यस्तै अर्धऔपनिवेशिक अवस्था पनि हटेन । त्यो ब्रिटिस साम्राराज्यवादीको स्वरुप भारतीय विस्तारवादले ओगट्ने काम भयो । यसरी अहिले पनि नेपाल अर्धऔपनिवेशिक अवस्थामा नै छ । पहिलेका ती नेपालका भू-भागहरुका त कुरा छाडौ अझ अहिले त भारतले नेपालका अरु थुप्रै अन्य भू-भागहरु पनि आफ्नो बनाउँदै आइरहेको छ । कालापनी, लिम्पियाधुरा, लिपुलेक, सुस्तालगायत थुप्रै नेपाली भू-भागलाई भारतले हस्तक्षेप गरी आफ्नो बनाउँदै आइरहेको छ । यसरी नेपाल दिनहुँ भारतीय विस्तारवादको चौतर्फी दबाब र अतिक्रमणमा नेपाल पिल्सिदै आइरहेको छ । तर अब फेरि नेपाल भारतबाट मात्र नभएर विश्वका ठूला र उदाउँदा शक्तिशाली राष्ट्र अमेरिका र चीनबाट समेत पिल्सिन थालेको छ । हालै नेपालमा लागू गर्न थालिएको अमेरिकी एमसीसी र सम्झौता भएको भनिएको एसपीपी अमेरिकी सैन्य कार्यक्रमभित्रका हुन भन्ने देखिन्छ । एमसीसी र एसपीपीमा सहभागि भएको विषय बाहिरिएसँगै आज चीन नेपालप्रति सशंकित छ । जसको कारण अमेरिका र चीनबीच एक खालको वाक युद्ध नै चलेको छ ।

तत्कालिन समय ब्रिटिश साम्राराज्यवाद नेपालको चिसो हावापानी अनि सुन्दर प्राकृतिक दृष्यबाट लोभिएको थियो भने अहिले यी विश्वका साम्राराज्यवादी शक्ति केन्द्र नेपालको रणनीतिक र सामरिक महत्वका कारण यहाँ तछाडमछाडको होडबाजीमा तल्लिन हुन थालेका छन् । एकले अर्कालाई यहाँबाट कसरी पछार्न सकिन्छ भनेर षड्यन्त्र बुनिरहेका देखिन्छन् । नेपालको सन्दर्भमा उदाउँदो विश्व महाशक्ति चीनलाई सके अहिले नै सदाका लागि पछार्ने, त्यो सम्भव नभए केही कमजोर गर्ने विश्व रणनीतिक योजनामा अमेरिका छ भने यसलाई असफल पारी अमेरिकालाई नेपालबाट मात्रै होइन यो दक्षिण एसियाली मुलुकबाट नै लखेट्नेमा चीन छ । खासगरी अमेरिका तिब्बती शरणार्थीको मामिलालाई लिएर चीनमाथि जाइलाग्न खोजिरहेको देखिन्छ । नेपालको भूमि प्रयोग गरी तिब्बती खम्बा विद्रोहलाई पुनः सञ्चालन गर्ने पक्षमा अमेरिका छ । त्यस्तै भारत पनि यही मौकामा अमेरिकामार्फत चीनलाई तह लगाउने सुरसारमा देखिन्छ । तर नेपालको शासन सत्ताको नेतृत्व गरिरहेका पार्टी तथा तिनको नेतृत्व यस प्रकारको त्रिपक्षीय द्वन्द्वका विरुद्ध एक भई यसलाई रोक्नुको बदला उल्टै यिनीहरुकै दलाली र चाकडीमा नै रमाउन थालिरहेका देखिन्छन् ।

आज नेपालले चीनप्रति देखाएको सद्भाव हेर्दा भारत आशंकीत बनेको छ भने अमेरिका र भारतसँग देखाएको सद्भावप्रति चीन आशंकीत बनेको छ । चिनियाँ नेताहरुको भेटवार्ता चलिरहेकै बखत प्रचण्ड र देउवा पत्नी किन दिल्ली गए ? दिल्लीमा उनीहरुले के-कस्तो कुराकानी गरे ? यो विषय चीनको निम्ति आशंकीत गर्ने खालको छ । अर्कोतिर, चिनियाँ नेतृत्व पंक्तिप्रति नेपाली नेताहरुले देखाएको व्यवहार पनि भारत र तेस्रो मुलुकलाई तर्साउने खालको देखिन्छ । निकट समयमा प्रधानमन्त्री शेरबहादुर देउवा अमेरिका भ्रमणमा जाने तरखरमा छन् । त्यहाँ पनि उनको यस्तै भव्य सम्मान हुनेछ र चीन र भारतसितको भेटवार्ता विवरण सबै अमेरिकालाई बुझाइनेछ । त्यसपछि फेरि प्रचण्ड चीन भ्रमणमा जाने चर्चा छ । त्यस्तै भ्रमणका लागि एमाले अध्यक्ष ओली पनि लाइनमा छन् । यो सबै भ्रमण, भेटवार्ता आदि सबै एउटालाई रिझाउँदै अर्कोलाई फकाउने शैलीमा केन्द्रीत देखिन्छ । यो

> *नेपाललाई "दुई ढुंगाबीचको तुरुल" हो भन्ने गरिन्छ । निश्चय नै यसमा केही सत्यता पनि छ । तर, आज नेपाल दुई ढुंगाको मात्रै नभई तीन ठूला ढुंगाको तरुलमा परिणत हुँदैछ । आज नेपाली राजनीतिमा अमेरिका पनि छिरेको छ । एमसीसी र एसपीपी अमेरिकी परियोजना यसैको सुरुवात हो ।*

दुविधा बनाउने शैलीले समग्र राष्ट्रको भने हित गर्दैन । उल्टै यसले राष्ट्रलाई छिन्नभिन्न र सखाप पार्ने काम मात्र गर्दछ ।

नेपाललाई "दुई ढुंगाबीचको तुरुल" हो भन्ने गरिन्छ । निश्चय नै यसमा केही सत्यता पनि छ । तर, आज नेपाल दुई ढुंगाको मात्रै नभई तीन ठूला ढुंगाको तरुलमा परिणत हुँदैछ । आज नेपाली राजनीतिमा अमेरिका पनि छिरेको छ । एमसीसी र एसपीपी अमेरिकी परियोजना यसैको सुरुवात हो । त्यसैले अब नेपाल यी तीन ठूला राष्ट्रहरुको रणमैदान बन्ने खतरा अगाडि देखिएको छ । निश्चय नै "साँढेको जुधाई बाछाको मिचाई" भनेजस्तै यहाँ हुनसक्छ । त्यसैले आम नेपाली देशभक्त-जनवादी र वामपन्थी जनसमुदायहरु समयमै सचेत हुनु आवश्यक छ । असंलग्न परराष्ट्र नीति र पञ्चशीलताको सिद्धान्त नै नेपालको आधारभूत परराष्ट्र नीति हो । यसमा सबै अडिक रहनुको विकल्प छैन ।

अन्त्यमा, हाम्रो भू-भागलाई कदापि पनि कुनै राष्ट्रको उपयोगमा पर्न दिनु हुँदैन । यदी हामीले भूराजनीतिलाई सही ढंगले बुझ्न सकेनौ भने नेपाल युक्रेन, अफगानिस्तान, सिरिया हुन बेर लाग्दैन । आज युक्रेनको हालत जे छ त्यस्तो हालत नेपालको हुन सक्दैन भन्न सकिन्न । हालै विश्व राजनीतिमा देखिएका घटना हाम्रा निम्ति निकै सिक्न योग्य छन् । नेपालले यी विषयलाई गम्भीरतापूर्वक लिन आवश्यक छ ।

## सामाजिक सञ्जाल



- कमल पौड्याल

नेपाली कांग्रेसमा यूवा पुस्ता गगन थापा र विश्वप्रकाशले पार्टी चलाउने हो भने गठबन्धनको आवश्यकता पर्दैन । अब बुढा नेताहरूलाई सम्मानका साथ अभिभावकको भूमिकामा र प्रमुख सल्लाकारको भूमिकामा रहनु पर्छ । पार्टी सिद्धान्तले चलाउने कि व्यक्तिले ? सत्ता लिप्साले गर्दा कांग्रेस कम्जोर हुन्छ ।



- टिकाराम गौतम

संसदमा एमालेका ९८ सांसद छन् तर, नागरिकता विधेयक २३ मतले पारित भयो । अकारण ६ महिनासम्म संसद अवरूद्ध गर्नसक्ने एमालेले चाहेको भए नागरिकता विधेयक सजिलै रोक्न सक्थ्यो । तर, संसदमा चुप बस्ने एमालेहरू फेसबुकमा खुब राष्ट्रवादी बन्दैछन् ।



- पुष्पा केसी

भुवन केसीबाट आफू दुर्व्यवहारको शिकार भएको विषय नायिका साम्राज्ञी राज्यलक्ष्मी शाहले सार्वजनिक गरेकी थिइन । चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्ति दिएर यो सरकारले उनै केसीलाई सफाई दिएका हो ? सरकारबाटै अपराधको संरक्षण ?



- सेतेमान तामाङ

नागरिकता बिधेक संवेदनशील विषय हुन अझै राष्ट्रियसभाबाट पारित गर्नुछ । विधेयकको ऐनमा कम्तीमा लैङ्गिक समानता होस् । बिहे गरिआएको विदेशी महिलाले नागरिकता त्यागेको प्रमाणपत्र पेश गरिएपछि केही वर्षसम्म अस्थायी परिचयपत्र उपलब्ध गराउने, ७/८ वर्षपछि मात्रै अङ्गीकृत नागरिकता दिने व्यवस्था गरिनुपर्छ ।



- निलाम्बर आचार्य

जति नै माथि भए पनि जनताभन्दा माथि कोही हुन्न आफ्नो जति नै स्वार्थ भए पनि देशको स्वार्थभन्दा माथि राख्न हुन्न । विश्वप्रति जति नै मैत्रीपूर्ण भए पनि स्वदेशका सन्तानप्रति कर्तव्य बिर्सन हुन्न । परिस्थितिको दबाव जति भए पनि जन्मभूमिप्रति निष्ठा खुम्चिन हुन्न ।

# प्रेम र निजी सम्पत्ती

विचार



● सरस्वती मोहोरा

मुख्य कुरा प्रेमको स्वरूप एकनिष्ठ हुनुपर्छ । प्रेम एक समयमा केवल एक व्यक्तिसँग मात्र हुनसक्छ र त्यसो हुनु भनेको प्रेमको स्वरूप एकनिष्ठ हुनु हो । निजीसम्पत्ति आधारित पितृसत्तात्मक व्यवस्थाअन्तर्गत पुरूषप्रतिको स्त्रीको मात्रै एकनिष्ठता हुनु भने सही प्रेम होइन । त्यो पितृसत्ताले जबरजस्ती महिलामाथि थोपरेको महिलाले बाध्यतामूलक निर्वाह गर्नुपर्ने कर्तव्य हो । सो निजी सम्पत्ति नरहेको आवस्थामा त्यस्तो बाध्यताबाट स्त्रीहरू मुक्त हुन्छन् । स्त्री-पुरुष मुक्त रहेको अवस्थामा स्त्री-पुरुषबीच हुने प्रेम, त्यो स्वाभाविक रूपले नै प्रेमको स्वरूपअनुसार साँचो अर्थमा स्त्री-पुरुषबीचको एकनिष्ठ प्रेम हुन्छ । निजी सम्पत्ति प्रेमको आधार होइन । निजी सम्पत्ति त स्त्री शोषण र पराधीनताको आधार हो, त्यसो हुँदा त्यो प्रेमको पनि बाधक हो । किनभने जबसम्म निजी सम्पत्ति रहन्छ स्त्रीहरू पराधीन रहन्छन् । स्त्री-पुरुष समान नहुने लैंगिक विभेदको परिस्थितिमा समानताको आधारमा स्त्री-पुरुषबीच साँचो प्रेम पनि सम्भव नहुने कुरा बुझ्न सकिन्छ ।

यसकारण निजीसम्पत्ति आधारित पितृसत्तात्मक व्यवस्थामा पुरूषप्रति स्त्रीले मात्रै बाध्यतावश एकनिष्ठ रहने विवाह पद्धति गलत हो । यसको विपरीत निजी सम्पत्ति नरहेको परिस्थितिमा स्त्री-पुरूष दुवै मुक्त रहेको अवस्थामा एकअर्काप्रति एकनिष्ठ रहने विवाह भने गलत होइन । के हो त विवाह ? प्रेमको प्रतिफलस्वरुप स्त्री-पुरूष दुवैले सहजीवन र सहयात्राको लागि गर्ने कमिटमेन्ट् भनेको विवाह हो । सो समाजवाद र साम्यवादमा पनि यस्तो कमिटमेन्ट् हुने नै छ ।

त्यस्तो समाजमा यौन, यौनप्रेम दुई व्यक्तिबीचको नितान्तः निजी सरोकारको बिषय हुन्छ । सो दुई व्यक्तिबीचको नितान्तः निजी व्यक्तिगत सरोकारको विषयमा निश्चय पनि परिवार वा समाजले अनावश्यक दबाब दिने, अनावश्यक हस्तक्षेप गर्ने नैतिक अधिकार पनि त्यसबेला हुँदैन ।

### पूँजीवादी व्यवस्थामा साचो प्रेम कति सम्भव ?

स्त्री-पुरुषबीच समान रूची, मनोभाव, मनोविज्ञान, समान दृष्टिकोण र विचारबाट स्वाभाविकरूपले प्रेरित र प्रभावित भएर एक आपसमा हुने प्रेमलाई के सचेत ढंगले वा जबरजस्ती त्यसलाई नियन्त्रण गर्ने वा वशमा गर्ने कुरा सम्भव हुन्छ र हुनसक्छ त ? निश्चय पनि हुँदैन । हुँदैन भने स्त्री-पुरुषको बीचमा हुने यौन प्रेमले परस्परमा एकनिष्ठता राख्दै स्वाभाविकरूपमा त्यसले सहजीवन र सहयात्राको लागि कमिटमेन्ट पनि गर्छ नै । त्यसो हो भने त्यस्तो प्रेमले एक अर्काप्रति निष्ठासहित सहजीवन र सहयात्राको लागि पहल गर्ने कुरा वा कमिटमेन्ट् गर्ने कुरा नै विवाह हो भन्ने कुरा बुझ्नुपर्दछ ।

स्त्री-पुरुष परस्परमा यौन प्रेम अनि त्यसको स्वाभाविक प्रतिफलनमा सहजीवनको रूपमा विवाहको स्वाभाविक प्रक्रिया 'लिब इन रिलेशनशीप' त्यो पनि प्रेम भएको खण्डमा युवा जोडीको एक अर्काप्रतिको कमिटमेन्ट्, सहजीवन वा विवाहको यौटा रूप हो । यद्धपि त्यो कतिको सफल असफल त्यसबारे छुट्टै चर्चा गर्नसकिन्छ ।

> निजी सम्पति प्रेमको आधार होइन । निजी सम्पति त स्त्री शोषण र पराधीनताको आधार हो, त्यसो हुँदा त्यो प्रेमको पनि बाधक हो । किनभने जबसम्म निजी सम्पति रहन्छ स्त्रीहरु पराधीन रहन्छन् । स्त्री-पुरुष समान नहुने लैंगिक विभेदको परिस्थितिमा समानताको आधारमा स्त्री-पुरुषबीच साँचो प्रेम पनि सम्भव नहुने कुरा बुझ्न सकिन्छ ।

त्यसो र समाजवाद, साम्यवाद आएको छैन भनेर स्वाभाविक घटना र प्रकियाहरूलाई नकार्ने कुरा अथवा स्त्री-पुरूष समानताका आधारमा अहिलेको व्यावस्थामा प्रेम सम्भव छैन भनेर जबरजस्ती मानव जीवनमा हुने स्वाभाविक घटना र नैसर्गिक प्रक्रियालाई नकार्ने कुरा वा त्यसदेखि वैराग हुने कुरा र व्यवस्थाको विरोधको नाममा विरोध गर्ने दुवै कुरा वस्तुवादी हुँदैनन् । त्यस्तो बुझाई चीजहरूलाई निरपेक्ष र नकारवादी ढंगले बुझ्ने वा ठिक ढंगले बुझ्न नसक्ने अराजक बुझाई हुन् । बरू समाजवाद र साम्यवादमा समानताका आधारमा स्त्री-पुरुष परस्परमा हुने एकनिष्ठ प्रेमसम्बन्धको बाधक निजी पुँजी नरहनु र समानतामा आधारित स्त्री-पुरुषको प्रेम सम्बन्धले बलियो आधार पाउनु त्यो मानवीय सम्बन्ध र अहिलेसम्मको समाज व्यवस्थाका हिसाबले त्यो मानवजातिकै उच्च प्रगतिको कुरा हो भन्ने कुरा चाहिँ हो ।

त्यसो र स्त्री-पुरुषबीच समान रूची, समान मनोभावना र मनोविज्ञान अझ उच्च वैचारिक चेतनाका स्तरमा हुने यौनप्रेम र त्यस्तो प्रेमको सम्बन्धले नयाँ स्वस्थ, समतामुलक समाज निर्माणको दिशामा पनि पहलकदमी गर्छ र त्यो दिशामा अघि बढ्छ भने त्यस्तो प्रेम सम्बन्ध वा सहजीवनमा अघि बढेको मानिनु पर्दछ ।

# आठबिसकोटका गारा वस्ती पहिरोको उच्च जोखिममा

**सत्य बटाला / मध्यान्ह**
रुकुम पश्चिम, १० साउन



रुकुम पश्चिमको आठबिसकोट नगरपालिका -८ मा सोमबार रातिको वर्षापछि आएको पहिरोबाट गारा वस्तीका पाँच घर उच्च जोखिममा परेका छन् । पहिरोले मकैबाली बगाएको छ। पहिरोले गर्दा स्याला गाउँको बस्ती जोखिममा परेको वडाअध्यक्ष खगेन्द्र वि.कले जानकारी दिए ।

उनका अनुसार आठबीसकोट नगरपालिका-८, स्यालास्थित नाउलापानीको मुहानसमेत फुटेको छ । स्थानीय हरिबहादुर बुढा र भिमबहादुर बुढाको घर आगन पहिरोले पुरिएको अध्यक्ष विकले जानकारी दिए ।

त्यसैगरी आठबिसकोट -७ मा रहेको गारा -सिम्तारा बस्ती पहिरोको उच्च जोखिममा परेको छ । दाजे-खदी सडकखण्ड निर्माण गर्दा खनिएको माटो वर्खायाम शुरु भएसँगै माटो बगाएर बाढी आउने गरेको स्थानीयको भनाइ छ ।

# बुढ्यौलीलाई जितेका १०५ वर्षीय पनाजु पुर्जा



**गलेश्वर / रासस-** दार्शनिक रुसोले 'प्रकृतिमा आश्रित मानिस कहिल्यै बुढो हुँदैन, प्रकृतिले मानिसलाई सधैँ जवान बनाइरहन्छ' भनेका थिए । नभन्दै उनको यो उक्तिलाई म्याग्दीको धवलागिरि गाउँपालिका-४ को दुर्गम गाउँ बगरा गाउँका १०५ वर्षीय पनाजु पुर्जाको दैनिकीले पनि सत्य साबित गरिदिएका छन् ।

मानिसले भौतिक क्षेत्रमा जति नै ठूलो उन्नति गरेको भए पनि मानसिक शान्ति र शारीरिक स्फूर्तिलाई भने गुमाउँदै गएको वर्तमान समयमा कुनै रोग नलागी ६० वर्ष पार गर्न सक्यो भने 'धन्य' मान्नुपर्ने अवस्था छ । तर बगरा गाउँमा धवलागिरि हिमालको जस्तै आभा लिएर बिहान ५ बजे नै घरको आँगनमा निस्केर हिमाल हेर्दै मुसुक्क मुस्कुराउँछन् पनाजु ।

शौचादी नित्यकर्मपछि घर नजिकै छङ्छङ् गर्दै बगेको अर्जे खोलामा गएर चिसो पानीले मुख धोइ घरमा आएर बुहारीले दिएको तातोपानी र चिया पिएपछि एउटा हँसिया खुर्पेटोमा भिरेर जङ्गलतर्फ लाग्छन् उनी । वल्लोपल्लो घरका छोरा, भतिजा र बटुवाहरुसँग हालखबर बुझ्दै सुस्तसुस्त पाइला अघि बढ्छन् वृद्ध पुर्जाका ।

गाउँ परको खोरियामा बुट्यान र झाडीलाई छिचोल्दै निगालो काटेर भारी बाँध्छन् । निगालो काट्दा, भारी बाँध्दा र थकाइ मेटाउँदा करिब तीन घण्टा बित्छ । भारी बोकेर विस्तारै गाउँतिर झर्छन् र घरमा पुगेर भारी बिसाएपछि आँगनमा रहेको ठूलो लाम्चो ढुङ्गामा एक छिन सुस्ताएपछि खाना खान घरभित्र पस्छन् । दिनभर जङ्गलबाट ल्याएको निगालोको चोया बनाउन सुरु गर्छन् ।

पुर्जाले चोयाबाट भकारी, मान्द्रो, डोकोलगायत घरायसी कृषि सामग्रीहरु बुनेर उनले बुढ्यौलीलाई भुलाइरहेका मात्र छैनन् केही आम्दानी पनि गरिरहेका नाति होमबहादुर बताउँछन् । पुर्जाको दैनिकी देखेर यहाँ पुग्ने पर्यटकहरुले उनको तस्वीर लिन्छन् । उपहार दिन्छन् र उनको प्रशंसासहित सुस्वास्थ्यको कामना गर्ने गर्छन् ।

बिहानको खानामा उनले सधैँ कोदो, मकै, गहुँ, जौको पीठोबाट बनाइएको ढिँडो उनको आहारा हो । ढिँडोसँगै उनलाई गेडागुडीको झोल र मोही अनिवार्य चाहिने पुर्जाका नाति होमबहादुर पुर्जाले बताए । पुर्जा अझै पनि उकालो बाटो ठमठम हिँडेर जङ्गल र गाउँ बेँसीमा गर्छन् । उनी एकछिन पनि बेफुर्सद हुन चाहन्न् ।

१०५ वर्षीय पनाजु भन्छन्, 'उमेर ढल्के पनि अझ धेरै बाँचुम् बाँचुम् लाग्दो रै छ ।' उमेरले ६० वसन्त पार गरेपछि मानिसहरु बुढ्यौली लाग्यो भनेर आफूले गर्दै आएका कामप्रति रुचि घटाउँछन् र विस्तारै निष्क्रिय जीवनतिर लाग्छन् । तर, उनले आफ्नो बुढ्यौलीलाई जितेर ढिकीजाँतो, मेलापात गर्नाका साथै वनजङ्गलबाट निगाला ल्याई घरायसी कृषि सामग्रीहरु बनाउने काममा व्यस्त रहन्छन् ।

आफूलाई भेट्न आएका मानिससँग कुरा गर्दै काम गरिरहने पुर्जा कसैसँग कहिल्यै पनि नरिसाउने र रुखो नबोल्ने त्यसै गाउँका देवान छन्त्यालको भनाइ छ । उनलाई आफ्नो जीवन गोठ, जङ्गल र खर्कमा नै बितेकाले यसैमा आनन्द लाग्दछ। नाति होमबहादुरले भने, 'नपुग्दो केही छैन, सबै चीज छ । तर हातखुट्टा चलुन्जेलसम्म काम गर्न छोड्नु हुँदैन भनेर काम गरिरहन्छन् ।

उनलाई अहिलेसम्म सामान्य रुघाखोकीबाहेक अरू जटिल कुनै रोग छैन । पछिल्लो समय कान अलि कम सुन्ने गरेका उनलाई अरू कुनै स्वास्थ्य समस्या छैन । उनी भन्छन्, 'जहिलेसम्म शरीर चल्छ, त्यतिबेलासम्म काम गर्न छोड्दिन, शरीर चल्नै छोड्यो भने त के गरी काम गर्ने हो र ?' कहिलेकाहीँ अलि दम बढेको जस्तो भयो भने उनी आफैँ जङ्गली लहरालाई थिचेर झोल बनाई पिउने गर्छन् ।

गत जेठदेखि १०५ वर्षमा प्रवेश गरेका पनाजुको बालापन, युवावस्था र ८५ वर्षसम्मको वृद्धवय गाई भैँसीसँग गोठ बसेर धवलागिरि हिमालको फेदीमा रहेका खर्कहरुमा बित्यो । जङ्गली कन्दमूल, आँटो पीठो र दूध, दही, घीउ खाएको तन्दुरुस्त जीउ भएका पुर्जाको अनुहार चाउरिएर बुढ्यौलीको परिचय दिए पनि उनको जोस, मिजासिलो स्वभाव, हँसिलो व्यक्तित्व र जाँगरिलो आनीबानीले युवापनको आभास दिलाइरहने उनलाई चिन्नेहरु बताउँछन् । ८५ वर्षको उमेरसम्म खादीका कपडा मात्रै लगाएका पुर्जाले अहिले भने छोरा नातिले ल्याइदिएका न्याना कपडा लगाउने गरेका छन् ।

पाँच छोरी र तीन छोराका पिता पनाजुकी श्रीमती ओममती अहिले ८६ वर्षकी हुन् । लोग्नेभन्दा १९ वर्षले कान्छी ओममती घरको सबै काम गर्छन् । खाना पकाउने, खुवाउने, भाँडा सफा गर्ने, श्रीमान् कपडा धोइदिने सबै काम गर्न सक्छन् ।उनका छोरातर्फका १२ नातिनातिनी छन् । उनीहरु कोही अध्ययनका लागि सहरमा छन् त कोही रोजगारीका लागि विदेशमा ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **ईमास्को नेपाल प्रा. लि.** श्रम इजाजत पत्र नं. **(इ.प.नं. ११७/०५५/०५६)** को नाममा स्थायी घर **सतिस्वारा–०४, तनहुँ**, ना.प्र. नं. **८०३३** भएको **रफिक मिया**लाई यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८, Mob.: 9818191788, 9808505819

## Kuwait मा रोजगार One Facilities Management Company W.L.L.

पुन : बिज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०३/१८ चलानी नं. ६०१८२३२१ LT No. 266311

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner (Indoor) | 10 | 5 | कामामा दक्ष | 85 | ३४,९६६।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |
| २. | Guarder | 65 | 0 | | 125 | ५१,४२१।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७९ साउन १८ गते (3 Aug., 2022) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम ईजाजत न.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८

## साउदीमा रोजगारको अवसर

१. कम्पनी: AL SAFEER LAUNDRY COMPANY शहर: Saudi Arabia,RIYADH
पुर्व स्वीकृत मिति: २०७९/०२/२५ चलानी नं.: ६०१८०६४९ L.T. No.: 264533 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६०,९६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Laundary Worker | 2 | 0 | | 1000 | ३३,८७० | | | | | | | |

२. कम्पनी: GHAIDA MOHAMMED BIN SALEH AL-DALKANGROCERY FOR FOOD STUFF शहर: DAMMAM
पुर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२८९५ L.T. No.: 266813 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: RAW MATERIALS PROCESSORS FACTORY CO शहर: Saudi
पुर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२४७९ L.T. No.: 266471 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ४ गते (20 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.** श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## साउदीमा रोजगारको अवसर

१. कम्पनी: SAUDI MANPOWER SOLUTION COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०१/१९ चलानी नं.: ६०१७८८०२ L.T. No.: 262593 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SAUDI MANPOWER SOLUTION COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/१२/१७ चलानी नं.: ६०१७७०४६ L.T. No.: 260796 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १८ गते (3 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.** ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com

## OMAN मा रोजगार |

कम्पनी : JUWEIRA INVESTMENT LLC शहर: OMAN
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७९८ LT. No.: 254181 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook | 1 | 0 | स. काममा दक्ष | 160 | ५३,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chawarma Maker | 1 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 3. | Confectioner | 0 | 1 | | 160 | ५३,०७३ | | | | | | | |
| 4. | Cook General | 2 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 5. | Dish Washer | 2 | 2 | | 120 | ३९,८०५ | | | | | | | |
| 6. | Falafil Maker | 1 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 7. | Foreign Food Cook | 1 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 8. | Grilled Chicken Maker | 1 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 9. | Grilled Fish Maker | 1 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 10. | Grilled Meat Maker | 1 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 11. | Head Waiter | 0 | 1 | | 160 | ५३,०७३ | | | | | | | |
| 12. | Pastes Maker | 0 | 1 | | 160 | ५३,०७३ | | | | | | | |
| 13. | Sandwich Maker | 4 | 0 | | 160 | ५३,०७३ | | | | | | | |
| 14. | Waiter | 0 | 4 | | 140 | ४६,४३९ | | | | | | | |
| 15. | Waiter-coffee Shop | 0 | 1 | | 140 | ४६,४३९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ १८ गते (3 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

## QATAR मा रोजगार |

कम्पनी: BRICKSTONE TRADING AND CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०३/१३ चलानी नं.:६०१८१८९८ LT. No.: 266024 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 31 | 0 | स. काममा दक्ष | 1200 | ४१,६०४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 11 | 0 | | 1200 | ४१,६०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १८ गते (3 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAROHI H.R. SOLUTIONS PVT. LTD.** Govt. Lic. No. 1244/074/075
Tokha-5, Basundhara, Kathmandu, Tel No.: 4961807, 4962925
Mob. : 9851002451, 9801068586, Email: info@aarohihrsolutions.com

## MALAYSIA मा रोजगार |

कम्पनी: SUPCHENG FASTENERS SDN BHD शहर: SELENGOR
पूर्व स्वीकृत मिति: २०७९/०३/२७ चलानी नं.: ६०१८३०४९ LT. No.: 267203 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ साउन १८ गते (3 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Radium International Employment Services Pvt. Ltd.** श्रम इजाजत नं. १६८/०६७/०६८
Pingalasthan-09, Gaushala, Kathmandu, Tel.: 01-4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

## शून्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारीको अवसर

१. कम्पनी: THE BRIDGE GEN.TRADE.&CONT.CO. शहर: KUWAIT
पुर्व स्वीकृत मिति : २०७९/०२/१० चलानी नं.: ६०१७९६९१ L.T. No.: 263317 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 90 | ३७,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Clerk | 5 | 0 | | 160 | ६६,२९८ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 145 | ६०,०८२ | | | | | | | |
| 4. | Diesel Mechanic | 5 | 0 | | 140 | ५८,०१० | | | | | | | |
| 5. | Dishwasher | 15 | 0 | | 90 | ३७,२९२ | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 60 | 0 | | 170 | ७०,४४१ | | | | | | | |
| 7. | Room Attendant (Indoor) | 0 | 20 | | 95 | ३९,३६४ | | | | | | | |
| 8. | Storekeeper | 5 | 0 | | 130 | ५३,८६७ | | | | | | | |
| 9. | Technician | 10 | 0 | | 130 | ५३,८६७ | | | | | | | |
| 10. | Waiter | 15 | 0 | | 115 | ४७,६५१ | | | | | | | |
| 11. | Watchman (Indoor) | 20 | 0 | | 90 | ३७,२९२ | | | | | | | |

## कतारमा रोजगारको अवसर |

कम्पनी: KATARA TOWERS HOTELS शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१६७७ LT. No.: 265843 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Services | 85 | 10 | सम्बन्धित काममा दक्ष | 1600 | ५५,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manager | 3 | 0 | | 6000 | २०,८०२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन १८ गते (3 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Ajeets Management and Development Company Pvt. Ltd.** श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391
E-mail : nepalajeets@gmail.com

## मलेसियामा रोजगार |

कम्पनी: JSC SECURITY SERVICES SDN BHD शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७८/१२/२८ चलानी नं.: ६०१७७७६६ LT. No.: 261438 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 29 | 0 | स. काममा दक्ष | 1200 | ३०,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १८ गते (03 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Haya H.R. Solution Pvt. Ltd.** AL HAYA H.R. SOLUTION PVT. LTD. Gov. Lic No. 1092/073/074
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 4620295, 4620879
Email: alhaya.manager@gmail.com, md@alhayahr.com, alhaya.pro@gmail.com, Web.: www.alhayahr.com

# सूचना लुकाउने परीक्षा नियन्त्रकलाई २० हजार जरिवाना




**काठमाडौं/मस**–परीक्षा नियन्त्रण कार्यालय बल्खुका परीक्षा नियन्त्रक पुष्पराज जोशीलाई राष्ट्रिय सूचना आयोगले रु.बीस हजार जरिवाना गर्ने निर्णय गरेको छ ।

मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ, आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीसहित बसेको आयोगको इजलासले सूचना नदिएको भन्दै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा १ बमोजिम जरिवाना हुने निर्णय गरेको हो ।

रौतहट मलोहिया-५ का राजीव दासले गरेको पुनरावेदनमा सूचना आयोगले उक्त फैसला गरेको हो । दासले परीक्षा नियन्त्रण कार्यालय बल्खुसँग चिकित्सक शास्त्रको अध्ययन कति वर्षसम्म पूरा गर्नुपर्ने हो ? यससम्बन्धी व्यवस्था कस्तो छ ? लगायतको सूचनाको प्रमाणित प्रतिलिपि माग गरेका थिए ।

सूचनाको हकसम्बन्धी ऐन २०६४, अनुसार उक्त कार्यालयसँग माग गरेको सूचना नपाएपछि सूचना मागकर्ता दासले कानुनअनुसार राष्ट्रिय सूचना आयोगमा सूचना नदिने प्रमुख र सूचना अधिकारीलाई विपक्षी बनाई पुनरावेदन दर्ता गरेका थिए ।

